# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## यसम, ओखलढुंगा
### प्रदेश नं. १, नेपाल

प.सं. : ०७७/०७८

मिति : २०७७/१२/२४

सूचना नं. : ३६।०७७।०७८

प्रशिक्षकको सूचि (Roster) मा नाम समावेश गर्नेसम्बन्धी सूचना।

सूचना प्रकाशित मिति : २०७७/१२/२४ गते

यस गाउँपालिकाबाट विभिन्न १० वटा विषयमा सीपमूलक तथा उद्यमशिलता विकास तालीम सञ्चालन गर्न आवश्यक पर्ने प्रशिक्षकको सूचि (Roster) निर्माण गर्नुपर्ने भएकाले सम्बन्धित विषयको सूचिमा समावेश हुन तोकिएको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले तोकिए बमोजिमको दरखास्त फाराम भरी तपशिल बमोजिमका कागजातहरुसहित यस गाउँपालिकाको इमेल ठेगाना likhumunokhaldhunga@gmail.com मा आवेदन दिनुहुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क गर्न सकिने छ।

आवश्यक कागजातहरु:

१. दरखास्त फाराम

२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।

४. अनुभव/तालीम/सीप परीक्षण तह/ व्यवसायिक योग्यता प्रमाणित गर्ने कागजातको प्रमाणित प्रतिलिपि।

५. अन्य आवश्यक कागजातहरु।

द्रष्टव्य:

क. सूचि (Roster) निर्माण गर्नको लागि यस गाउँपालिकामा पर्न आएका दरखास्त उपर छानवीन गरी सूची निर्माण गरिनेछ।

ख. रीत नपुगेको दरखास्त फाराम उपर कुनै कारबाही गरिने छैन।

ग. सूचिमा नाम समावेश गर्ने/नगर्ने अन्तिम अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ।

घ. सूचिमा नाम समावेश भएका व्यक्तिहरु मध्येबाट आवश्यक परेमा मात्र प्रशिक्षण कार्यका लागि प्रशिक्षकको रुपमा खटाउन सकिनेछ।

ङ. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

च. फरक-फरक बिषयको प्रशिक्षकको सूचि (Roster) मा समावेश हुन छुट्टा छुट्टै निवेदन पेश गर्नुपर्नेछ।

छ. इमेलमार्फत् कागजातहरु पठाउदा Subjet मा "आफूसँग सम्बन्धित विषयको प्रशिक्षकको रोष्टर" भनि उल्लेख गर्नुपर्नेछ।(जस्तै मोबाइल मर्मत विषयको रोष्टर)

ज. इमेलमार्फत् पठाइएका कागजातहरु प्रष्ट बुझिने हुनुपर्नेछ। अन्यथा सूचिमा समाबेश गरिने छैन।

झ. विवरणहरु संशोधन गर्नुपर्ने भएमा पन: दरखास्त पेश गर्नु पर्नेछ।

ञ. रोष्टरमा समावेश भएकै कारणबाट प्रशिक्षण कार्यमा सहभागी गराइने सुनिश्चितता हुनेछैन। तालीम कार्यक्रममा उपयुक्त प्रशिक्षक छनौट गर्ने अधिकार यस गाउँपालिकालाई मात्र हुनेछ।

अभय कुमार गुप्ता

# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## यसम, ओखलढुंगा
### प्रदेश नं. १, नेपाल


प.सं. : ०७७/०७८ मिति : २०७७/१२/२४

सूचना नं. :

प्रशिक्षकको शैक्षिक योग्यता, तालिम वा अनुभव:

क. प्रशिक्षक :- सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गरी शिक्षण प्रशिक्षकणको तालीम लिएको र कम्तिमा ५ वर्ष कार्यानुभव भएको वा सम्बन्धित विषयमा सीप तह-३ उत्तीर्ण गरी ५ वर्षको कार्यानुभव भएको।

ख. सहायक प्रशिक्षक:- सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी शिक्षण प्रशिक्षणको तालीम लिएको वा सम्बन्धित विषयमा सीप तह-३ उत्तीर्ण भएको वा प्राविधिक एस.एल.सी. वा सीप तह-२ उत्तीर्ण गरी ३ वर्षको कार्यानुभव भएको।

तालीमका विषयहरु:-

| सि.नं. | तालिमको नाम |
|---|---|
| १ | इलेक्ट्रिसियन |
| २ | व्युटिसियन (वेसिक) |
| ३ | व्युटिसियन (एडभान्स) |
| ४ | बेसीक प्याट्रन सिलाई |
| ५ | एडभान्स प्याट्रन सिलाई |
| ६ | फेसन डिजाइन |
| ७ | मोबाइल मर्मत |
| ८ | सिलाइ बुनाइ |
| ९ | बेद बाँसको सामाग्री |
| १० | तरकारी/ कृषि खेती |

गाउँपालिकाको सम्पर्क ठेगाना:- लिखु गाउँ कार्यपालिकाको कार्यालय यसम, ओखलढुंगा
फोन नं.:- ९८५२८४२१४२/९८५२८४४४२७/९८४३४४६४६७
वेभसाइट :- likhumunokhaldhunga.gov.np इमेल :- likhumunokhaldhunga@gmail.com

अमर कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत
७७/१२/२४